# डा. उपेन्द्रमान मल्लको विद्वद्-प्रवचन,

**वरिष्ठ उपन्यासकार श्री राजन मुकारुङ्ज्यू, अत्यन्त लोकप्रिय गीतकार श्री रत्नशमशेर थापाज्यू, समुपस्थित वरिष्ठ साहित्यकार तथा महानुभावहरू, गुठीपरिवारका श्रद्धेय सदस्यहरू तथा प्रिय पत्रकार बन्धुगण !**

सर्वप्रथम एक निमेष पनि खेरो नफालेर आजका सम्मानित श्री राजन मुकारुङ्ज्यू र श्री रत्नशमशेर थापाज्यूलाई म हार्दिक बधाई अर्पण गर्न चाहन्छु र शुभ बडादसैंको पावन उपलक्ष्यमा उहाँहरू लगायत अन्य उपस्थित बन्धुहरूमा सुख, समृद्धि र सुस्वास्थ्यको निम्ति हार्दिक मंगलमय शुभकामना अर्पण गर्न चाहन्छु ।

अनि आजको यो गरिमामय समारोहमा विद्वद्-प्रवचन संज्ञा दिएर दुई शब्द बोल्ने सुअवसर प्रदान गर्नु भएकोमा आयोजक बन्धुहरूमा कृतज्ञता ज्ञापन गर्न चाहन्छु ।

"नीरस तरुवर पुरतो भाति" नभनेर "शुष्कन् काष्ठन् तिष्ठत्यग्रे" भन्न तम्सिने खालको भूगोल विद्यार्थीलाई यो मौका दिएर बाल्यकालमा "साहित्यसंगीतकलाविहीन, साक्षात् पशु पुच्छविषाणहीन" भनेर पढ्दा आफूलाई पनि कसैले "पुच्छविषाणहीन" भन्ने उपाधि दिइहाल्लान् कि भनी डराएर बाल्यावस्थामा "लड्डु मनभोग खानु पर्छ है" को छन्दबाट शुरू गरी किशोर हुँदा "अनन्त स्थायी चिज केही छैन; भन्दा जगत्मा बढता हुँदैन" को उपजाति छन्दसम्मको यात्रा तय गरी "Pride and

Prejudice" जस्ता उपन्यासकी लेखिका जेन अस्टिनको संक्षिप्त जीवनी लेखेर "उदय" पत्रिकामा छपाउने काम त गरिएको हो जमानामा।

भूगोल विषयको अध्ययन गरी भूगोल क्षेत्रमा नै समर्पित भई अघि बढ्ने लक्ष्य लिई प्राध्यापकको व्यवस्था भइनसकेको बेलामा त्रिचन्द्र कलेजमा I.A. First Year मा भर्ना हुन दुस्साहस गर्ने विद्यार्थीहरूमध्ये म पनि एक थिएँ। त्यस बेलासम्म पनि मलाई मेरो लेखाइमा शब्दालंकारयुक्त साहित्यिक छाप देखिन्छ भन्नुहुन्थ्यो मेरा यहाँका गुरु तर पटनामा भने भूगोल जस्तै वैज्ञानिक विषयमा आलंकारिक भाषा हुनु हुँदैन भन्नुहुन्थ्यो त्यहाँका गुरु। तर भाषा त आफूले जाने बुझेका कुरा अभिव्यक्त गर्ने माध्यम भएको हुनाले भाषामा नियन्त्रण हुनुपर्ने जस्तो लाग्दैनथ्यो।

तर नेपालमा लमजुङ निवासी श्री तीर्थराज अधिकारीले विभिन्न छन्दमा भूगोलको एक पुस्तक लेखेर छपाउनु भयो र फेरि मेरो जन्म हुनुभन्दा धेरै अघि पनि १८७८ सालतिर श्री रामप्रसाद सत्यालले ८२ पृष्ठ जति भएको "संसारको आनन्द" भन्ने पद्यात्मक भूगोल निकाल्नु भएको थियो रे। तर वास्तवमा कवि-लेखक आदि साहित्य-स्रष्टाले भूदृश्यमा वा प्रकृतिमा पाइने विविध पक्षको गुण, सौन्दर्यको आत्मानुभूतिको आधारमा र सहज वा असहज वातावरणकै पृष्ठभूमिमा हुने रहन-सहन, उद्योगधन्दा, बन्दबेपार, खेतीपाती आदिका साथै सौहार्दता, वैमनस्य, प्रतिस्पर्धा आदि मानव-सुलभ भावनाहरू जस्ताका तस्तै आफ्नै शैलीमा अभिव्यक्त गर्ने होइन र? स्रष्टाले प्रेरणा त कतै न कतैबाट लिनुपर्‍यो नि! महाकवि लक्ष्मीप्रसाद देवकोटाको मुनामदन, म्हेन्दु, सुलोचना आदि रचनाहरूको प्रेरणा यही ठोस पृथ्वीतलमै भए गरेका घटना नै होइनन् र? साथै मानिसहरूले पाउने गरेको सद्व्यहार, दुर्व्यवहार, स्याहारसुसार, उपेक्षा आदिको विवरणको सफल अभिव्यक्तिबाट नै साहित्यको सिर्जना हुन्छ।

त्यति मात्र होइन, नेपालमा पर्यटन उद्योगको भविष्यबारे केही लेख्दा वा बोल्दा प्रकृतिको छटाको वर्णन सुन्दा साहित्यसागरमा डुबुल्की मारेको आभास मिल्छ, उदाहरणस्वरूप :

यस प्रकार नेपालका विभिन्न ठाउँमा यी नै एक एक मनोहर दृश्यद्वारा सिँगारिएका सम्पूर्ण चित्र पृथ्वीतलमा कतै पनि नपाइने श्रेष्ठतम स्तरको सौन्दर्यले परिपूर्ण भएको छ। यही सौन्दर्यको बीचमा रहने हुनाले नेपाली मस्तिष्कमा कल्पना चढ्न सक्दछ, सत्यम्, शिवम्, सुन्दरम्को वास्तविक क्रियात्मक रूपमा प्रतिपालन गर्ने शक्ति भरिएको हुन्छ। कविताको राग, ललित कलाको प्रेम समेत नेपालीहरूमा ओत-प्रोत हुनाको कारण यही हुनुपर्दछ। निस्सीम निलो आकाशमा सेतो कपासे डल्ला बादल गुडिरहेको बेला, गगनचुम्बी सेतो उज्यालो तेजले चम्किरहेका अत्यन्त अग्ला हिमशिखर तथा गाढा निला पहाडको पृष्ठभूमिका साथै दुवैतिर रंगी चंगी फूल र पातले सजाइएका अनेक हरिया मनोहर वृक्षद्वारा सिँगारिएको बेंसी हुँदै बाटामा परेका गुलाबी, राता, काला र हरिया ढुंगामा ठक्कर खाएर सेतो फिँज फैलाउँदै कहिल्यै नरोकिने गरी कलकल आवाज निकाली अघि बढिरहने खोलाको दृश्य अत्यन्त चित्ताकर्षक हुन्छ।

भूगोल विषयलाई विभिन्न व्यक्तिले विभिन्न प्रकारबाट चिन्ने गरेका छन्। Dictionary of Geography भन्छ - 'भूगोल संसार र संसारमा बसोबास गर्ने मानिसहरूको वर्णन हो, अथवा पृथ्वी र पृथ्वीका जीव र मानवीय पर्यावरण बारेको विज्ञान हो। ख्याति-प्राप्त भूगर्भविद् भएर पनि Arthur Holmes भन्छन्– 'मानवजातिको घरको अध्ययनका रूपमा भूगोललाई चिनिन्छ। आधुनिक भूगोलको ध्यान मनुष्यको भौतिक, जैविक एवं सांस्कृतिक वातावरण तथा मनुष्य र वातावरण बीचको सम्बन्धमा नै केन्द्रित हुन्छ।' भूगोलविद् Finch / Trewartha

भन्छन्– 'भूगोल पृथ्वीतलको विज्ञान हो। भूगोलमा पृथ्वीतलमा पाइने पदार्थहरूको प्रादेशिक सङ्गति तथा वितरणको प्रतिरूप व्यवस्थित विवरण तथा सही अर्थको व्याख्या गरिएको हुन्छ। तर पृथ्वीतलका अनेक प्राकृतिक, भौतिक स्वरूप वर्णनकर्ताहरू आफ्ना ज्ञान, दृष्टिकोण, अभिरुचि, उमङ्ग आदिमा पनि भर पर्दछ। जस्तो कालिदासले हिमालयको संवाहन प्रणालीलाई अति विलक्षण ढङ्गले वर्णन गरेका छन्। तपस्यामा ध्यानमघ्न पार्वतीको लावण्यपूर्ण र अत्यन्त सुन्दर शरीरलाई आश्चर्यपूर्ण रूपमा भएको हिमालय पर्वतसँग तुलना गरेर वर्षा ऋतुमा परेका पानीका पहिला थोपा कुन प्रकारले, कति समय लगाई उनको गहिरो नाभिमा खसे भन्ने अति मनोहर वर्णन छ–

*स्थिता: क्षणं पक्ष्मसु ताडिताधरा:*
*पयोधरोत्सेध निपात चूर्णिता:*
*वलीषु तस्था: स्खलिता: प्रपेदिरे*
*चिरेण नाभिं प्रथमोदबिन्दव:*

नेपाली भाषाका मूर्धन्य र बहुआयामिक कवि बालकृष्ण समले भने यस प्रकारले हिमालको वर्णन गरेका छन्–

*ढिका कमल हीराको त्यो सुन्दर हिमालय*
*सौन्दर्य सार संसार-भरकै लहराउँदै*
*गौरीशङ्करको पाउ लेखी आफ्नो ललाटमा*
*उघारी हरियो घुम्टो त्यो जङ्गल पहाडको*
*हाम्रो नेपाल यो सानो संसारै हो कि लोकको*
*कल्पवृक्ष यही नै हो यहाँ पाइन्छ जे पनि*
*यहीं मधेसको धूप यहीं ठण्डी हिमालको*
*मृतसञ्जीवनीदेखि साधारण बुटीतक*
*यहीं छन् उर्वरा भूमि नदी नाला अनेक छन्*
*गैंडा बाघ यहीं हुन्छन् कस्तूरी चँवरी पनि*

यस प्रकार समज्यूले आफूलाई अति उत्तम भूगोलवेत्ता तथा पर्यावरणविद् समेत प्रमाणित गर्नुभएको छ। यी र यस्ता पद्यबाट नेपाली साहित्य-कोशका त उहाँ मूर्धन्य नक्षत्र हुनुहुन्छ नै।

वास्तवमा मनुष्य र वातावरणबीचको सम्बन्ध भूगोल विषयमा हुने अध्ययन र अन्वेषणको अचेलको महत्त्वपूर्ण पक्ष मानिन्छ। मानव इतिहासका विभिन्न कालखण्डका लेखक, विचारक, महात्माहरूबाट अभिव्यक्त भएका चिन्ता र चासो के छ भने वन, प्रकृति र संस्कृतिका बीचमा समन्वय एवं सामञ्जस्य रहनै पर्दछ। यस्तै कुरा ईशावास्योपनिषद्मा पनि उल्लेख भएको छ–

*ईशावास्यमिदं सर्वं यत्किञ्च जगत्यांजगत्*
*तेन त्यक्तेन भुन्जीथा मा गृध कस्यस्वित् धनम्*

अर्थात्– 'सारा संसार परमेश्वरको हो वा प्रकृतिको हो। संसारका सबै पदार्थलाई सबैले साझा उपयोग गर्नाका लागि बनेका हुन् र यो सम्पति व्यक्ति वा समूहमा मात्र निहित होइन। तसर्थ आसक्ति त्यागेर तिनको साझा उपयोग गर तर लोभ-लालसा नगर।' भूगोल वा पर्यावरणलाई व्यवसायका रूपमा अङ्गीकार गरेका कुनै पनि व्यक्ति देखा पर्नुभन्दा अघि पौराणिक युगमा नै प्रकृतिका विभिन्न वस्तुलाई गुरु सरह मान्ने दत्तात्रयको प्रवेश भइसकेको थियो। त्यसै गरी २५०० वर्षपछि कौटिल्य, ५५१ खिष्ट पूर्वमा जन्मेका चीनका Confucius ले पनि प्रकृतिको सम्पूर्णतायुक्त समन्वयात्मक धारणा राखेका थिए।

ग्रीक र रोमन परम्परामा मनुष्य र प्रकृतिको निकट सम्बन्ध दर्साउने प्रशस्त आख्यानहरू पाइन्छन्। अफ्रिका महादेशका कतिपय देशहरूमा प्रचलित प्रार्थना र स्तुति आदिमा आत्माको रहस्यमय तथ्य र गहिराइ नापेर खोतल्ने, अन्वेषण गर्ने र आत्मा तथा प्रकृतिबीचको सम्बन्ध

बारे अरु बढी पत्ता लगाउने जमर्को गरेका आभास मिल्दछन्। यस्तै कार्यकलापले अमेरिकन इण्डियनहरूको जीवनमा पनि गहिरोसँग जरा गाडेको महसुस हुन्छ।

'१८१४ सालमा मार्क्सले मनुष्यद्वारा भएको स्थल स्वरूपको परिवर्तन; जानाजानी तथा अन्जान एवं वाञ्छनीय तथा भयानक' भन्ने विषयमा प्रवचन र १८२१ सालमा जैविक तथा अजैविक जगत्का नैसर्गिक व्यवस्थामा गरिने हस्तक्षेपबाट हुने अविवेकका भयङ्कर परिणाम औंल्याएर आवश्यक सतर्कता अपनाउन अपिल गरे। तर तिनको त्यो चेतावनीलाई त्यसवेला हेर्दैखेरि विविध स्रोत तथा साधनको अक्षय भण्डार भन्न सकिने खालको विशाल अमेरिकाका मानिसहरूले यसतर्फ वास्तै गरेका थिएनन्। त्यसपछि प्रकाशित एक निबन्धमा अचेल बहुचर्चित वातावरणीय ह्रासजस्तो जिज्ञासा पोखिएको थियो। त्यसमा उल्लिखित कथाको प्रारम्भ हुन्छ, भविष्यको २००० सालमा जलविहार गर्न निस्केको वृद्धप्राय: पिताले आफ्नो जिज्ञासु छोरासँग गरेको वार्तालापबाट। आफ्नै समकालीन व्यक्तिहरूले गरेका विनाशलीला र वनजङ्गलको वातावरणमा एवं जैविक विविधतामा परेको अवाञ्छनीय अवसरवारे वर्णन गरिएको छ। सङ्गीत सुधाको वर्षा गराउँदै सुमधुर तान छेड्ने चराहरू पुरुषहरूका पेटका भोकले र महिलाहरूका बनेट (टाउको छोप्ने टोपी) को फेसनले लोप हुँदै छन्। सिकारीहरूले राम्रा जिउ भएका र सुन्दर प्वाँख भएका चरा पनि बाँकी नरहने गरी सखाप पार्न थालिसके। वृक्षहरूको विनाशले गर्दा पर्वतहरू नाङ्गिए र अहिले ढुङ्गाका थुप्रामा परिणत हुन थालिसके। सिमसारहरू लुप्त हुनथाले र बकुला र किङ-फिसरहरू अचेल जलाशयतिर देखिन छोडिसके।

यिनै थाहाको फलस्वरूप गिफो र पिँसो नामक वातावरण रक्षकले Conservation को नयाँ अवधारणा प्रस्तुत गरे। पृथ्वीका विभिन्न

स्रोत एवं साधनलाई 'महत्तम व्यक्तिहरूमा दीर्घतम समयका लागि महत्तम लाभ' हुने गरी बुद्धिमानी पूर्वक प्रयोग गर्नुपर्छ भन्नु नै थियो। यही चासोको विषयले गर्दा कैयन् बैठक, सम्मेलन आदिका आयोजना भए र अमेरिकामा २६ औं राष्ट्रपति थ्योदुर रुज्वेल्ट जुरमुराएर वातावरणीय स्रोतको सदुपयोग सहितको संरक्षणका महान् नेता भए र सन् १९६६ मा द हेगमा एउटा अन्तर्राष्ट्रिय सम्मेलन गर्न सफल भए।

२०१७ सालतिर संयुक्त राष्ट्र सङ्घले विश्वसमुदायको ध्यान मरुभूमीकरणको समस्याप्रति आकर्षित गऱ्यो र यसै बेला पटनामा मैले Chalk Talks भन्ने कार्यपत्र प्रस्तुत गरेर सामान्य वातावरण बारे अन्वेषण गर्ने प्रयासको सुरुवात गरें। दुई वर्षपछि मैले भूगोल विषयमा एमए पास त गरें तर मलाई संसारका अन्य देशहरूबारे पर्याप्त ज्ञान भए पनि आफ्नै देश नेपालको भूगोलको सीमित ज्ञान मात्र थियो। किनभने एसएलसी पास गरेपछि हामीले पटना विश्वविद्यालयको पाठयक्रम अनुसार पढ्नुपर्थ्यो। तसर्थ २०११ को भाद्रदेखि नेपालको भूगोलको अध्ययनार्थ नेपालका विभिन्न भागको भ्रमणमा म निस्कन थालें र अनि मात्र नेपाली विविधताको वास्तविक बोध भयो।

त्यसै बेला तत्कालीन योजना विकास मन्त्रालयमा मेरो नियुक्ति भयो र त्यहाँ कार्यरत रहँदा काठमाडौं उपत्यकाको चारैतिरका डाँडा नाङ्गिँदै गएको देखी भ्रमणको सिलसिलामा तत्कालीन ओखलढुङ्गा जिल्लाको खुम्बु क्षेत्रको खुम्जुङ गाउँका निवासीहरूबीच देखिएको सिङ्गो ङावाको चयन गरेर काठ दाउराको सामुदायिक व्यवस्थापनको प्रभावपूर्ण तरिकाले स्थिति बसालेको फलफ्ली सम्झना भइरहेको थियो। यस प्रकार कुनै न कुनै उपायले जङ्गलको भइरहेको विनाशलाई हटाउनै नसके पनि विनाशको गतिलाई घटाउने उद्देश्यले इँट बनाउँदा प्रयोग हुने दाउरामा नियन्त्रण गर्न सरकारी नीति पास गराइयो।

२०१५ सालमा भने सायद भारतीय मित्रहरूको परामर्शबाट नेपालका सबै जङ्गल राष्ट्रियकरण भए र त्यहाँदेखि मानवीय कमजोरीका कारण लाभको सट्टा हानि नै हुन थाल्यो र बल्लबल्ल नेपाल-अस्ट्रेलिया सामुदायिक वन आयोजना शुरू भएपछि फेरि वन-जङ्गलको सुरक्षा हुन थाल्यो। सामुदायिक वनको क्षेत्र पनि बढ्दै गइरहेको सन्दर्भमा र हाल नेपाल सरकारले रेड प्लस कार्यक्रममा जैविक विविधताको संरक्षण तथा स्थानीय समुदाय र आदिवासीहरूको संलग्नता बारे राम्ररी ध्यान पुऱ्याएर निरन्तरता प्रदान गर्न सकेको खण्डमा हामी आम नेपालीको जीविकोपार्जन र जीवनस्तर उकास्न अवश्य मद्दत पुग्नेछ भन्ने आशा गर्न सकिन्छ।

२०२१ सालमा मैले 'हाम्रो भौगोलिक सम्पति' शीर्षकको एउटा सानो पुस्तक निकालेथें र त्यसको भूमिकामा मैले लेखेथें–

*'कुनै देश पनि केवल अर्काको भरमा मात्र हुर्कन सक्दैन। बुबु र ददाको मद्दतले ताँतीसम्म गर्न सकिएला तर जीवन-सङ्ग्राममा ओर्लन त आफ्नै बाहुबल र पुरुषार्थ चाहन्छ'।*

सोही पुस्तकको अन्तितिर लेखेथें–

*संरक्षण भन्नाको मतलब नै प्राकृतिक सम्पतिहरूको उपयोग गरी समाजलाई पछिसम्म पनि सोही प्रकारको लाभ निश्चित रूपमा पाउने गरी व्यवस्था मिलाउनु हो। संरक्षण गर्नाको मुख्य उद्देश्य नै हामी मात्र होइन, हाम्रा नाति-पनातिहरूले पनि भौगोलिक सम्पत्ति प्रशस्त मात्रामा उपयोग गर्न सकून् भन्ने हो। संरक्षण गर्ने काममा सफल हुनु हामीसँग के कस्तो कति सम्पत्ति छ सो जान्नु पर्दछ, आवश्यक परेमा हामीले यो सम्पत्तिलाई सुरक्षित राखिछाड्नु पर्दछ र राष्ट्रिय हितको निमित्त न्यायोचित ढंगले खूब होसियारी र योग्यता*

*पूर्वक प्रयोग गर्नु पर्दछ। हुन सकेदेखि हामीले प्रयोग गर्ने गरेको सम्पत्ति फेरि फेरि थप्दै जानु पर्दछ। सकेसम्म फेरि थप्न नसकिने, उमार्न नसकिने, झिकेपछि सिद्धिहाल्ने प्रकारको सम्पत्तिको बदलामा अरू कुनै फेरि पूर्ति गर्न हुने खालको पदार्थ रहेछ भने सो प्रयोग गरी मुख्य सम्पत्तिको संरक्षण गर्नु पर्दछ। यी सबै काम कुनै गाउँ, जिल्ला, अञ्चल र राष्ट्रका व्यक्तिको कल्याणको निम्ति गरिन्छ र यसो गर्दा मानिसले मानिस भन्न सुहाउने किसिमको जीवन बिताउन भर पर्नु पर्ने प्राकृतिक सम्पत्तिको यथेष्ट परिमाण कायमै रहन जान्छ। यसरी विचार गर्दा प्राकृतिक सम्पत्तिको संरक्षणमा "बहुजन हिताय बहुजन सुखाय" को मूलमन्त्र समेत झल्किएको देखिन्छ। मानव मात्रको कल्याण नै यसको अन्तिम लक्ष्य हो। हामी मानिसले "दुई दिन" को निम्ति यस पृथ्वीमा आएर सदासर्वदा मानव मात्रलाई काम लाग्ने यी पदार्थहरू निर्दयतापूर्वक तहसनहस गर्ने अधिकार कतैबाट पाएका छैनौं।*

यस प्रकार त्यस पुस्तकमा नै अचेल चर्चामा आएको दिगो विकास (Sustainable Development) को अवधारणाको सूत्रपात भएको महसुस भएको थियो।

अचेल फेरि जलवायु परिवर्तनले वातावरणमा हलचलै ल्याइरहेको छ। विडम्बना त के छ भने नेपालले संसारको कुल हरितगृह ग्याँसको ०.०२५ प्रतिशतजति मात्र उत्सर्जन गर्ने गरेको अनुमान छ, विकासै के भएको छ र यहाँ धेरै उत्सर्जन हुन। तथा विश्वव्यापीकरणको चपेटामा परेको नेपालले वायुमण्डलको भूमण्डलीय फैलावटको फलस्वरूप अति नै ठूलो जलवायु परिवर्तनको वाञ्छित भार खप्नु परेको छ।

खास गरी द्रुत गतिले पग्लँदै गएको हिमानी र अरू सम्बन्धित दुर्घटनाहरूले गर्दा हिमतालको आकार बढ्दै गएको देखापरिसकेको छ र हिमतालको प्रस्फुटनको भयले गर्दा निकटवर्ती मात्र होइन, कैयन् किलोमिटर पर अवस्थित स्थानका निवासीहरूसमेत भयभीत अवस्थामा बस्न बाध्य भएका छन्। २०४० सालको दशकमा भएका सिन्धुपाल्चोक र सोलुखुम्बुका भोटेकोसीको बाढीले अविस्मरणीय छाप छाडेर गएको सर्वविदितै छ। अझै हजारौँ हिमताल भएको उत्तरी भेगमा अतीव जोखिमपूर्ण स्थितिमा पुगेका केही तालहरू फुटेको खण्डमा हुने नोक्सानीबाट सतर्क भएर उपयुक्त कदम चाल्नुपर्ने भइसकेको छ। खुसीको कुरा के छ भने यस्तै समस्याहरूका समाधानका लागि नेपाल सरकारले उपयुक्त नीतिगत व्यवस्था गरिसकेको बुझिएको छ र सो अनुरूप समयानुकूल सतर्कतापूर्ण कार्यान्वयन भएमा अवश्य पनि जलवायु परिवर्तनको प्रतिकूल प्रभावबाट नेपाली जनता बाँच्न पाउने छन्, दिगो विकासको सिद्धान्तलाई अवलम्बन गरी सामाजिक एवं आर्थिक विकास गर्दै देश अघि बढ्नेछ भन्ने आशा गर्न सकिन्छ।

अन्त्यमा आज सम्मानित हुनुभएका दुवै स्रष्टाज्यूहरूप्रति फेरि पनि बधाई दिन चाहान्छु। अनि जाँदाजाँदै भर्खरै ७७ वर्ष पुग्नु भएका "युवा" कवि रत्न शमशेरले ६ दशकदेखि क्रियाशील भई गरिरहनुभएको सत्कार्यको उचित कदर भएको मान्दछु। "गोरेटो यो गाउँको", "आँखाको भाका आँखैले", "चकलाभरिको घाम", "ओभानो सिउँदो" "रुझेको परेला" आदि जस्ता सरल तर सरस एवं मर्मस्पर्शी गीतका रचयिता श्री रत्न शमशेरका विभिन्न कृति नारायणगोपाल, अम्बर गुरुङ, प्रेमध्वज प्रधान, माणिक रत्न, शक्ति वल्लभ जस्ता ख्यातिप्राप्त गायकहरूले सर्वसाधारण समक्ष पुऱ्याइदिने काम गरी ती उत्कृष्ट रचनालाई अमरत्व प्रदान गरिदिनुभएको छ। "ए कान्छा, ठट्टैमा यो बैंस जानै लाग्यो" भनेर त म पनि गाउँथें र अझ पनि गाई टोपल्छु।

यही अवसरमा यसै महिनामा ८५ औं वर्षको बेलामा पनि युवा जोशमा प्रस्तुत हुनु भएका मेरा श्रद्धेय गुरु राष्ट्रकवि श्री माधवप्रसाद घिमिरे-ज्यूलाई पनि "नवयुवक" कविताका पंक्ति पाठ गर्दै हार्दिक बधाई दिन चाहन्छु र त्यसै गरी "Our Sweetest Songs are those that tell of saddest thought" भन्ने अंग्रेज कवि शेली झैं एकाकीपन र शोकाकुलता रुचाउने रत्न शमशेरज्यूमा पनि उही जोश उही उमंग सहित साहित्यसेवामा जुटिरहने र लाखौं नेपालीको हृदयमा बसी मन जितिरहने क्षमता कायम रहिरहोस् भन्ने शुभकामना व्यक्त गर्न चाहन्छु :

*तिम्रा लामा सबल भुज छन् शैल बोक्लान् समान*
*छाती तिम्रो दृढतर छ त्यो वज्र रोक्ला समान*
*तिम्रै कन्धा उपर युगको भार राखी दिऊँ कि*
*मागी तिम्रै हृदय म पनि बैंसमा फर्किऊँ कि*

मैले बुझे अनुसार श्री राजन मुकारुङज्यूको जन्मथलो दिल्पालाई कुनै बेला मैले नै इलाका सेवा केन्द्रको रूपमा चयन गरिदिए जस्तो लाग्छ। भोजपुर सदरमुकामबाट फर्कंदा दिल्पातिरबाटै विभिन्न खोलाको पानी बटुल्दै दक्षिणपूर्वतिर बग्ने पिखुवा खोला कैयन् पटक तरेको थिएँ। तर मैले दिल्पामा खुट्टा टेक्न पाएको छैन। तसर्थ दलगाउँ निवासी श्री एकराज भुजेलज्यूसँग सापटी मागेर उहाँले प्रकट गर्नु भएको उद्गार यहाँ दोहोऱ्याउने अनुमति माग्दछु :

*भोजपुर जिल्लाको दिल्पा गा.वि.स.को माटोमा जन्म लिएर*
*ट्याम्केको तालुमा पौंठेजोरी खेल्दै दमिनी भीरको टाकुरामा*
*सुसेली लगाउँदै, पिखुवा खोलाको पानीले प्यास मेटाउँदै*
*सीमान्तकृत जनतामा खड्किएको समस्यालाई जस्ताको*
*तस्तै रूपमा उजागर गर्दै दमिनी भीरलाई जन्म दिएर,*
*कर्मकाण्डमा होमाएर मदन पुरस्कारको घुम्टो ओढाउन*
*सफल भएकोमा राजन मुकारुङ दाइलाई हार्दिक बधाई।*

मुलुकमा सीमान्तकृतले भोग्नुपर्ने तीतो यथार्थलाई साहित्यको रूटारोले भए तापनि सीमान्तकृत वर्गमा केही मलम पुग्ने गरेको अवस्था छ, जो दमिनी भीर उपन्यास समेत प्रतिस्पर्धामा उभिएको १११ वटा उपन्यासमध्ये १११ वटालाई पछि धकेल्दै पहिलो हुन सफल भएको छ, जसले आज भोजपुरको शिर अनि ट्याम्केको गरिमा बढाउँदै दमिनी भीरले मुलुकमा तहल्का मच्चाएकोमा दमिनी भीरलाई साधुवाद अनि दमिनी भीरका पिता राजन मुकारुङको लेखनशैलीमा अरू तीव्रता आओस् ।

यति भनी फेरि एक पटक यस गरिमामय समारोहका आयोजक बन्धुगणमा हार्दिक कृतज्ञता अर्पण गर्दै यहाँ समुपस्थित सम्पूर्ण बन्धुवर्गलाई मेरो दुई शब्द धैर्यपूर्वक सुनिदिनु भएकोमा धन्यवाद टक्रयाउन चाहन्छु ।